■ सुदूरपश्चिममा अस्तव्यस्त सरकार, सुनसान प्रदेशसभा

# खगराज मुख्यन्त्री बनेको महिना नपुग्दै सरकार ढाल्न हस्ताक्षर अभियान

■ यमुना साउद



धनगढी । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेता खगराज भट्ट प्रदेश सरकारको पाँचौं मुख्यमन्त्री नियुक्त भएको १ महिना पनि नपुग्दै सरकार ढाल्ने कसरत सुरु भएको छ । नेकपाका सांसदहरूले नै सुदूरपश्चिमका मुख्यमन्त्री भट्टलाई संसदीय दलको नेताबाट हटाउन हस्ताक्षर गरेका छन् । स्रोतका अनुसार साविकको नेकपा माओवादी केन्द्रका ५ र नागरिक उन्मुक्ति पार्टीका ४ गरी नेकपाका ९ जना सांसद्हरूले हस्त(ाक्षर गरिसकेका छन् भने थप ५ जना सांसद्हरूसँग हस्ताक्षर गर्ने विषयमा छलफल भइरहेको छ ।

साविक माओवादी केन्द्रका सांसदहरू मानबहादुर धामी, अक्कलबहादुर रावल, रमेश धामी, शिवसिंह ओली र गीता मालले हस्ताक्षर गरेका छन् । यस्तै, साविक नाउपाका सांसदहरू रामेश्वर चौधरी, लक्ष्मणकिशोर चौधरी, घनश्याम चौधरी र कैलाश चौधरी समेतले मुख्यमन्त्री भट्टलाई दल नेताबाट हटाउन हस्ताक्षर गरिसकेको बताइएको छ । साविक माओवादी केन्द्रका सांसद लक्ष्मी विक, साविक नाउपा सांसद टीका थापा र इन्दिरा गिरी तथा साविक एकीकृत समाजवादीका सांसद नरेशकुमार शाही र माया पन्तसँग पनि उनीहरू छलफल गरिरहेका छन् ।

## अस्तव्यस्त सरकार, सुनसान प्रदेशसभा

सुदूरपश्चिममा पटकपटक सरकार फेरिएको छ तर प्रदेशसभा चल्न सकेको छैन । प्रदेशको बजेट ल्याउने, नीति बनाउने, कानुन निर्माण गर्ने र सरकारलाई सचेत र जबाफदेही बनाउने प्रदेशसभा पछिल्लो ३ सातादेखि चल्न सकेको छैन । नेता भट्ट प्रदेश सरकारको पाँचौं मुख्यमन्त्री नियुक्त भएको १ महिना पुग्नै लाग्दा पनि सदनको बैठक कहिले बस्छ भन्ने एकिन छैन । प्रदेशसभा परिसरको गेटमा ताल्चा लगाइएको छ । यसले प्रदेशको संसदीय गतिविधिको अवस्था मात्र नभएर सरकारको प्राथमिकतामाथि( समेत प्रश्न उठेको छ ।

प्रदेश सरकारले ३० असारसम्म ल्याइसक्नुपर्ने बजेट भदौसमेत जानै लाग्दा पनि अत्तोपत्तो छैन । चालु आर्थिक वर्ष सुरु भएयता प्रदेशसभा २ पटक मात्रै बसेको छ, त्यो पनि सरकारकै संकट टार्न । २८ साउनमा तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहले विश्वासको मत लिन बैठक बोलाएका थिए । तर, सदनमा आफू स्पष्ट अल्पमतमा देखिएपछि उनले विश्वासको मतको प्रक्रियामा जानुभन्दा राजीनामा दिने घोषणा गरे ।त्यसयता ३ भदौमा नेकपाका भट्ट मुख्यमन्त्री बनेपछि विश्वासको मत लिन प्रदेशसभा बैठक बोलाइयो । नयाँ सरकार गठन भयो, विश्वासको मत लिइयो । तर, त्यसयता भने प्रदेशसभाको ढोका बन्द छ । सरकार बनेको छ, सदन चल्न सकेको छैन ।

प्रदेश सरकार भने यसअघि नै बजेट शून्यताको संकटमा थियो । तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहको नेतृत्वमा बनेको सरकारले बजेट पारित गराउन नसकेपछि आर्थिक वर्ष सुरु भए पनि प्रदेशको नियमित बजेट प्रक्रिया अवरुद्ध भएको थियो । सरकार परिवर्तनले राजनीतिक संकट त टार्‍यो तर बजेट र कानुन निर्माण गर्ने प्रदेशसभालाई तत्काल चलायमान बनाउन सकेको छैन । प्रदेशसभा बैठक सञ्चालनको मिति अहिलेसम्म तय नभएको प्रदेशसभा सचिवालयकी सूचना अधिकारी तथा उपसचिव ताराकुमारी जोशीले बताइन् । सचिवालयमा नयाँ विधेयकसमेत दर्ता नभएको उनले जानकारी दिइन् । 'सभाको बैठक सञ्चालनबारे कुनै जानकारी आएको छैन । नयाँ विधेयक पनि दर्ता भएका छैनन्,' जोशीले भनिन् । सदन बोलाउने तयारीको स्पष्ट कार्यतालिका न सरकारसँग छ, न बजेट ल्याउने तयारी छ, न नयाँ कानुन निर्माणको पहल नै देखिएको छ ।

यसैगरी प्रदेशसभामा नयाँ विधेयक नआए पनि ७ वटा विधेयक लामो समयदेखि निर्णयको प्रतीक्षामा रहेका छन् । २०८१ सालमा दर्ता भएका टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालयसम्बन्धी विधेयक र केही उद्योग तथा वनसम्बन्धी ऐन संशोधन गर्न बनेका विधेयक झन्डै ३ वर्षदेखि प्रदेशसभामा थन्किएका छन् । त्यसैगरी २०८२ सालमा दर्ता भएका ५ वटा विधेयक पनि डेढ वर्षदेखि विचाराधीन रहेका छन् । दलित सशक्तीकरण ऐन संशोधन, बरघर तथा भलमनसा प्रथा संरक्षण तथा विकास, आमसञ्चार, जनस्वास्थ्य सेवा ऐन संशोधन र जीवनाशक विषादी व्यवस्थापनसम्बन्धी विधेयकले समेत सदनबाट निकास पाएका छैनन् ।

सुदूरपश्चिम प्रदेशसभा अवरुद्ध हुँदा बजेट र विधेयकहरू अलपत्र परेको प्रदेशसभा सदस्य तुलसी देवकोटाले बताइन् । उनले भनिन्, 'प्रदेशसभा अवरुद्ध हुँदा बजेट र विधेयकहरू अलपत्र परेका छन् । जनतामा निरासा बढ्दै गएको छ । सदन चलेको भए केही न केही गरिरहेका छन् भन्ने सन्देश गइरहेको हुन्थ्यो ।' यो अन्यौललाई निकास दिन सरोकारवाला पक्षबीच बिहीबार छलफल भएको उनले बताइन् । सुदूरपश्चिममा सरकार परिवर्तनको राजनीति भने तीव्र गतिमा चलिरहेको छ । मुख्यमन्त्री फेरिए, मन्त्री फेरिएका छन् । सत्ता समीकरण फेरियो र बेलाबेला सरकार ढाल्ने र बनाउने काम भएको छ । तर सरकार बदल्ने राजनीतिक गणित जति सक्रिय देखिएको छ । त्यो भन्दा प्रदेश चलाउने संसदीय अभ्यास त्यति नै सुस्त भएको छ ।


स्थानीय सरकार

**खनियाबास गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दार्खा, धादिङ

बागमती प्रदेश,नेपाल

**क्याटलग सपिङ विधिबाट ४ पांग्रे सवारी साधन खरिद गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति:२०८३/०५/२६**

यस गाउँपालिकालाइ आवश्यक पर्ने देहाय बमोजिमको ४ पांग्रे सवारी थान एक(१) सार्वजनिक खरिद ऐन २०६३ को(संशोधन सहित) को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को(संशोधन सहित) को नियम ३१(ख) बमोजिम सार्वजनिक निकायले सवारी खरिद गर्न उक्त सवारी साधन उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, Manufacturer Authorization र आ.ब.२०८१-०८२ को आयकर चुक्ता प्रमाणपत्रको (नोटरी पब्लिकबाट) प्रमाणित प्रतिलिपिहरू समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख)को नियम (२) अनुसार देहाय बमोजिमको सवारी साधानको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण(क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०८३/०६/०२ गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित सवारी साधन उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेतालाइ जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ l साथै ४ पांग्रे सवारी को Technical Specification, प्रस्ताब सम्बन्धी कागजात गाउँपालिकाको आधिकारीक Website:khaniyabasmun.gov.np वा यस कार्यालय मार्फत प्राप्त गर्न सकिनेछ l

**आवश्यक सवारी साधनको विवरण**

| क्र.सं. | सवारी साधन | सवारी साधनको संक्षिप्त विवरण | संख्या |
|---|---|---|---|
| १. | 4WD Double Cab Pick-Up | 4WD Double Cab Pick-Up(Minimum 60hp | १ |

**प्रमुख प्रशासकीय अधिकृत**



**ईम्पेरियल को-अपरेटिभ सर्भिस लि.**

**छैठौं वार्षिक साधारण सभा बस्ने सम्वन्धी सूचना**

*प्रकाशित मिति : २०८३।०५।२६*

यस संस्थाको मिति २०८३।०५।१८ गते बसेको सञ्चालक समितिको त्रिचालिसौं बैठकको निर्णयअनुसार **छैठौं** बार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण सदस्यको उक्त सभामा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८३ साल असोज २८ गते बुधवार

समय : दिनको १५ :३० बजे

स्थान : वेभ हस्पिटालिटी, धापासी मार्ग, बसुन्धरा काठमाण्डौ

**छलफलका विषयहरु :**

१. समितिका तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आ.व.२०८२।०८३ बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८३ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८२।०८३ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सम्वन्धमा छलफल गरि पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
४. कोषको बाँडफाँड अनुमोदन गर्ने ।
५. आ.व.२०८२।०८३ को लाभांश वितरणको प्रस्ताव पारित गर्ने ।
६. आ.व.२०८३।०८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
७. आ.व.२०८३।०८४ को वार्षिक कार्यक्रम तथा बजेट स्विकृत गर्ने ।
८. संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने ।
९. साधारण सभाको निर्णयहरु प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने ।
१०. संस्था गाभ्ने/गाभिने, प्राप्ती तथा सेवा केन्द्र विस्तार गर्ने प्रकृयाको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
११. बाँकी कार्यकालको लागि संचालक समिति र लेखा सुपरिवेक्षण समितिको रिक्त पदमा निर्वाचन गर्ने ।

- निर्वाचन कार्यक्रमको तालिका निर्वाचन उपसमितिका संयोजकसँग परामर्श गरे अनुसार २०८३ असोज १६ गतेबाट शुरु हुनेछ ।
- निर्वाचन कार्यक्रमको विस्तृत तालिका संस्थाको महाराजगंज स्थित कार्यालयको सूचनापाटीमा टाँस गरिने छ ।
- निर्वाचन सम्वन्धी कुनै जानकारी आवश्यक परेमा सोही कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको तर्फबाट**
कुमार पौडेल
अध्यक्ष



**कोशी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला अस्पताल खोटाङ**

**करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा**

**प्रथमपटक प्रकाशन मिति : २०८३।०५।२६ गते**

यस जिल्ला अस्पताल खोटाङका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई आ.व. २०८३।०८४ को अषाढ मसान्तसम्मका लागि करार सेवामा लिन कर्मचारी पदपूर्ति समितिको मिति २०८३।०५।१५ गतेको निर्णय तथा अस्पताल व्यवस्थापन समितिको मिति २०८३/०५/२१ निर्णयानुसार तपसिल बमोजिमका पदहरूमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुनेछैन ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग सं. | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०२/०८३/०८४ | कन्सल्टेन्ट MDGP | नवौं | १ | MD GENERAL PRACTITIONER उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| 2. | ०३/०८३/०८४ | एनेस्थेसिया सहायक | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एच ए वा स्टाफ नर्स उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त र सम्बन्धित काउन्सिलमा दर्ता भएको |

१. दरखास्त फाराम पाउने/बुझाउने स्थान : जिल्ला अस्पताल खोटाङको प्रशासन शाखाबाट दरखास्त फाराम प्राप्त गरी रीतपूर्वक भरी प्रशासन शाखामा पेश गर्नुपर्ने छ । (दरखास्त फारामका लागि सम्पर्क नं ९८५२८८९२५५ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ र सोही अनुसार प्रकृया पुरा गरी फाराम भरी यस कार्यालयको इमेल ठेगाना districthospital.khotang@gmail.com मा समेत पठाउन सकिनेछ)
२. उमेर हद : सहायकस्तर पाँचौं तहका लागि १८ वर्ष पूरा भई दरखास्त दिने अन्तिम म्यादसम्म ४५ वर्ष र अधिकृत स्तरको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने ।
३. परीक्षा दस्तुर : नवौं तह १२००।- (बाह्र सय मात्र) र पाँचौं तह: ६००।- (छ सय मात्र) अस्पतालको कार्यालय कोड : ३७००२०८०११, राजस्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ ।
४. परीक्षाको किसिम : छोटो सूची प्रकाशन र अन्तर्वार्ता ।
५. परीक्षा मिति : २०८३।०६।०९ गते पछाडि प्राप्त गरिएका आवेदनमध्येबाट स्वीकृत गरिएका आवेदकहरूको सूची प्रकाशनको साथै यस जिल्ला अस्पताल खोटाङबाट परीक्षा मितिको जानकारी गराइनेछ ।
६. दरखास्त दिने अन्तिम मिति : २०८३/०६/०९ गते शुक्रवार ५:०० वजे सम्म ।
७. सेवासुविधा : नेपाल सरकार तथा अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार ।
८. यस विज्ञापनमा पदपूर्तिसम्बन्धी छुट्का बुँदाहरू प्रचलित कानुनबमोजिम लागू हुनेछन् ।
९. कागजातहरू : एस.एल.सी.देखि न्यूनतम शैक्षिक योग्यतासम्मका प्रमाणपत्रहरू, तालिम अनुभव, सम्बन्धित काउन्सिलको दर्ता/नवीकरण प्रमाणपत्र समकक्षता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि आफैंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।
१०. पदमा रही गर्नुपर्ने कामको विवरण : सम्बन्धित सेवा र समूह अनुसारको ।
११. अन्य :
- भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।
- प्रचलित कानुनबमोजिम अयोग्य नभएको ।
- यस सूचनामा उल्लेख नभएको कुराहरूको हकमा प्रचलित कानुनबमोजिम हुनेछ

**जिल्ला अस्पताल खोटाङ**



**Katahari Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Katahari, Morang**

**Invitation for Bids**

**Date of publication: 2083-05-26**

1. ***Katahari Rural Municipality, Katahari, Morang*** invites ***sealed bids*** (Hard copy only) single stage single envelope Nationl Competitive Bidding(NCB) from Nepalese eligible bidders for the construction of the Works mentioned in the table.

| S.N. | Contract No. | Name and Location of the Work | Estimated Amount (without VAT & Contingency but including PS) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | KRM/ NCB/W/083/084-01 | River Training Works at Lohondra Khola, Katahari-04 and 06 | 1,39,77,298.66 | 3000.00 | 3,50,000 | 90/120 days |

Date of Pre-bid Meeting, Last date of Purchasing, Submission and Opening of Bids:

| Pre-bid Meeting | Last Date of Purchase of Bids | Last Date of Submission of Bids | Opening of Bids |
|---|---|---|---|
| 2083-06-05 12.00 P.m. | 2083-06-15 5.00 P.m. | 2083-06-16 12.00 P.m. | 2083-06-16 1.00 P.m. |

2. **Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: **Rastriya Banijya Bank Limited, Katahari Branch**
Name of Office Account: **(KATAHARI GA.PA. (GA-1.1)-AANTARIK**
Office Code No.: **801011310**
Office Account no.: **2190100301010002**
Rajaswa (revenue) Shirshak no. **14229**
3. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account with the following details below:
Name of the Bank: **Rastriya Banijya Bank Limited, Katahari Branch**
Name of Office Account: **(KATAHARI GA.PA. (GA-3)-DHARAUTI A**
Office Code No.: **801011310**
Office Account no.: **2190100303000002**
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Eligible bidders may obtain further information from the office of Katahari Rural Municipality, Katahari, Morang, Email: Kataharigaupalika@gmail.com and Website: Kataharimun.gov.np

**Chief Administrative Officer**